# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड५८) काठमाडौं, माघ १० गते २०६५साल (अतिरिक्ताङ्क४६


## भाग ५

### निर्वाचन आयोगको

### सूचना १

सम्वत् २०६५ साल चैत्र २८ गते पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५. कास्की जिल्लाको निर्वाचन क्षेत्र नं. १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं. ४ मा हुने संविधान सभा सदस्यको उपनिर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वशनीय ढङ्गबाट सम्पन्न गर्नका लागि निर्वाचन आयोगले निर्वाचन आयोग ऐन, २०६३ को दफा २८ तथा संविधान सभा सदस्य निर्वाचन आचारसंहिता, २०६४ को दफा ६७ ले दिएको अधिकार प्रयोग गरी खण्ड ५७, अतिरिक्ताङ्क ४७ (क+२), मिति २०६४।११।१७ गतेको नेपाल राजपत्र भाग ५ मा सूचना प्रकाशित गरी जारी गरेको गैर सरकारी ंस्थाको आचारसंहिता कार्यविधि, २०६४ सो उपनिर्वाचन हुने निर्वाचन हरूमा मिति २०६५ साल चैत्र ६ गतेदेखि लागू हुने गरी तोकेकोले रचना प्रकाशन गरिएको छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

सम्वत् २०६५ साल चैत २८ गते पहिलो हुने निर्वाचन प्रणाली अन्तर्गत मोरङ्ग जिल्लाको निर्वाचन क्षेत्र नं. ५ र ७, धनुषा जिल्लाको निर्वाचन क्षेत्र नं. ५, कास्की जिल्लाको निर्वाचन क्षेत्र नं १, रोल्पा जिल्लाको निर्वाचन क्षेत्र नं. २ र कञ्चनपुर जिल्लाको निर्वाचन क्षेत्र नं, ४ मा हुने संविधान सभा सदस्यको उपनिर्वाचनको निमित्त निर्वाचन (कसूर र सजाय) ऐन, २०६३ को दफा २७ को उपदफा (१) र सोही ऐनको दफा २८ को उपदफा (१) मा उल्लिखित "आयोगले तोकिदिएको जिल्ला निर्वाचन अधिकारी" भन्ने व्यवस्थाको प्रयोजनका लागि उप-निर्वाचन हुने जिल्लाका जिल्ला निर्वाचन अधिकारीलाई तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
सुशील जङ्गबहादुर राणा
सचिव

1356



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
गो.द.नं. १६।०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।